STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १२ गते शनिबार ❑ 26 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## चिनियाँ विदेशमन्त्री राजधानीमा

रासस
काठमाडौं, ११ चैत

तीन दिने भ्रमणका लागि चिनियाँ विदेशमन्त्री वाङ यी नेपाल आइपुगेका छन् ।

विदेशमन्त्री वाङ १९ सदस्यीय टोलीको नेतृत्व गर्दै शुक्रबार नेपाल उत्रिएका हुन् । विदेशमन्त्री वाङलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा परराष्ट्रमन्त्री डा.नारायण खड्काले स्वागत गरेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशमन्त्री वाङ आफू बस्ने बत्तिसपुतलीस्थित होटल द्वारिकामा गएका छन् । उनी त्यही बस्नेछन् ।

कोभिड-१९ को महामारीबाट विश्व नै आक्रान्त भइरहेको परिवर्तित परिवेशमा चिनियाँ विशिष्ट अतिथिको आगमनलाई नेपाली जनताले हार्दिकतापूर्वक प्रतीक्षा गरिरहेका छन् । छिमेक सम्बन्ध थप सुदृढ, सबल एवं प्रभावकारी तुल्याउने वर्तमान सरकारको नीतिअनुसार



परराष्ट्रमन्त्री डा नारायण खड्काको निमन्त्रणामा आउन लाग्नुभएका चिनियाँ विदेशमन्त्री वाङलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र सचिव भरतराज पौड्याल, नेपालका लागि चिनियाँ राजदूत हउ यान्छी, शिष्टाचार महापाल डा दुर्गाबहादुर सुवेदीलगायतले स्वागत गर्ने कार्यक्रम छ ।

अफगानिस्तान, पाकिस्तान र भारतको व्यस्ततापूर्ण भ्रमण पूरा गरी विशेष विमानबाट काठमाडौं उत्रनुहुने चिनियाँ विशिष्ट पाहुनाले शुक्रबार राजधानीको एउटा तारे होटलमा विश्राम गर्नुहुनेछ भने शनिबार अपराह्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा चीन- नेपाल प्रतिनिधिमण्डलस्तरीय वार्ताको नेतृत्व गर्नुहुनेछ । वार्तापछि दुई देशबीच घाँस निर्यातलगायत पारस्परिक सहयोग अभिवृद्धिसम्बन्धीसमझदारीपत्रमा हस्ताक्षर हुने कार्यक्रम छ । प्रधानमन्त्री शेरबहादुर देउवासँग बालुवाटारस्थित उहाँको सरकारी निवासमा शिष्टाचार भेट गरेपछि प्रधानमन्त्री र विदेशमन्त्री वाङको उपस्थितिमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल समापन समारोहको श्रव्यदृश्यका माध्यमबाट निरीक्षण गर्नुहुनेछ ।

शनिबार साँझ नै परराष्ट्र मन्त्री खड्काले आफ्ना चिनियाँ समकक्षीको सम्मानमा रात्रीभोजको आयोजना गर्नुहुनेछ । आइतबार बिहान राष्ट्रपति कार्यालय शीतल निवासमा राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष शिष्टाचार भेट गर्नुहुनेछ ।

त्यसपछि पूर्वप्रधानमन्त्री एवम् नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री तथा नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग शिष्टाचार भेट सकेर चिनियाँ विदेशमन्त्री वाङ अपराह्न बेइजिङतर्फ प्रस्थान गर्ने कार्यक्रम छ ।

## आयोगको पारदर्शिता र निष्पक्षतालाई बलियो बनाउनुपर्छ - प्रदेश प्रमुख

पोखरापत्र संवाददाता
पोखरा, ११ चैत

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले लोकसेवा आयोगले आफ्नो पारदर्शिता र निष्पक्षतालाई अझै बलियो बनाउँदै लैजानुपर्ने बताउनुभएको छ ।



गण्डकी प्रदेश लोकसेवा आयोगको शुक्रबार पोखरामा आयोजित प्रथम वार्षिकोत्सव समारोह शुभारम्भ गर्दै उहाँले आयोगले अवलम्बन गरेको योग्यता, निष्पक्षता र स्वच्छताको आधारमा प्रतिस्पर्धात्मक परीक्षाबाट योग्य व्यक्तिको छनोट हुन्छ भन्ने विश्वास नागरिकमा रहेकाले यसमा अझै उचाइ बढाउन प्रादेशिक आयोग सफल हुने अपेक्षा गर्नुभयो ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सङ्घीयतालाई चिनाउन यस आयोगको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले सुशासनका लागि सक्षम, सवल कर्मचारीतन्त्र आयोगले उपलब्ध गराउने छ भन्नुभयो ।

प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले आयोग स्थापनाको एकवर्षे समयावधिमा भएका कामकारबाही प्रशंसनीय भएको बताउनुभयो ।

प्रमुख प्रतिपक्षी दलका नेता पृथ्वीसुब्बा गुरुङले आयोगको एक वर्ष उपलब्धिपूर्ण रहेको बताउँदै आगामी दिनमा प्रदेशमा आवश्यक दक्ष जनशक्ति उपलब्ध गराउनका लागि आयोग सफल हुने विश्वास व्यक्त गर्नुभयो । लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेशप्रसाद मैनालीले सङ्घीय निजामती ऐन बन्न नसक्दा समस्या भएको बताउनुभयो । आयोगको भूमिकालाई अझै प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । आयोगका प्रादेशिक अध्यक्ष विष्णुप्रसाद नेपालले निष्पक्षता, पारदर्शितालगायत विषयमा आयोग प्रतिबद्ध भएको बताउनुभयो । कार्यक्रममा आयोगका सदस्यद्वय योगेन्द्र गौचन र कल्पना लम्साल, प्रदेश लोकसेवा आयोग प्रदेश नं १ का अध्यक्ष उत्तमकुमार भट्टराईलगायतले आयोगको भूमिकालाई अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । त्यस अवसरमा वर्ष उत्कृष्ट कर्मचारीका रुपमा शाखा अधिकृत सन्दीप ढुङ्गानालाई सम्मान गरिनाका साथै आयोगको स्मारिका लोकार्पण गरिएको थियो ।

## सिपयुक्त मजदुरलाई राहत प्याकेजको माध्यमबाट संरक्षण गर्नुपर्छ: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, ११ चैत

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कोभिडबाट प्रभावित भएका सीपयुक्त मजदुरलाई राहत प्याकेजको माध्यमबाट संरक्षण गर्नुपर्ने बताउनु भएको छ ।



आइ.बि.एन. मिडिया एण्ड रिसर्च प्रा.लि. र पोखरा उद्योग बाणिज्य संघको संयुक्त आयोजनामा शुक्रबार पोखरामा आयोजित अर्थतन्त्रमा कोभिडको असर र पुनरुत्थान बिषयक छलफल कार्यक्रममा वोल्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । उहाँले भन्नुभयो "प्रदेश सरकारले सीपयुक्त मजदुरलाई राहत प्याकेजको माध्यमबाट संरक्षण गर्नुपर्छ, यदि उनीहरु विदेशीन बाध्य भए भने कोरोनाबाट थलिएको पर्यटन माथि उठाउन गाह्रो हुन्छ ।" सिप युक्त कामदारलाई टिकाउन राज्यको तर्फबाट राहत प्याकेज ल्याउनुपर्ने आवश्यकता रहेको मन्त्री बरालको भनाई थियो । पर्यटन क्षेत्रका पनि दक्ष जनशक्तिलाई जोगाउनुपर्ने उहाँको भनाई थियो ।

उहाँले भन्नु भयो "कोरोनाले गर्दा सवै क्षेत्रमा प्रभाव मात्र भएन त्यसलाई हामीले अवसरको रुपमा ग्रहण गर्न नसक्नु हाम्रो ठुलो भुल हो, त्यही वेला हाम्रो ध्यान कोरोनाबाट कसरी बच्ने भन्ने तर्फ मात्र ध्यान केन्द्रित भयो ।" रोजगारी गुमाएर फर्केका नागरिकलाई क्वारेन्टाइनमा राखेर विभिन्न किसिमका व्यावसायिक प्रशिक्षण दिनुपर्नेमा त्यो विषयमा प्रदेश चुकेको उहाँले बताउनु भयो । व्यवसाय जीवन रक्षा कोष कोरोनाबाट प्रभावित भएका साना तथा मझौला व्यवसायहरुको लागि राज्यको तर्फबाट संरक्षण गर्नुपर्छ भनी ल्याइएको कोष भएको उहाँले बताउनु भयो ।

उक्त कोष लक्षित समूहसँग पुग्न नसकेको हुदाँ प्रदेश सरकारले क वर्गका बैंकबाट मात्र ल्याइएकोमा अहिले ख वर्गका विकास बैंकबाट समेत यही चैत १९ गतेसम्म आवेदन दिन सकिने उल्लेख गर्नु भयो । खर्बऔं खाद्य पदार्थ आयात हुने गरेको उल्लेख गर्दै मन्त्री बरालले नेपालमा आवश्यक हुने खाद्य पदार्थ उत्पादन गर्न सकिने दाबी गर्दै उत्पादनलाई बढावा दिन सुझाव दिनु भयो । माओबादी केन्द्रका नेता समेत रहेका मन्त्री बरालले संघीयताको पहिलो कार्यकालमा अपेक्षाकृत ढंगले संघीयता अघि नबढे पनि निराशाजनक हुने अवस्था भने नभएको जनाउनु भयो । आर्थिक उन्नतिका लागि पर्यटन र कृषिसँग जोड्नुपर्ने धारणा व्यक्त गर्नु भएको मन्त्री बरालले कृषिमा न्युन ढंगले बजेट विनियोजन भएको जनाउनु भयो । पर्यटन र कृषि गण्डकीका समृद्धिका आधार भएको उहाँले बताउनु भयो । राजनीतिक स्थायीत्व कायम हुन नसके समृद्धिको कल्पनामात्र हुने उल्लेख गर्दै मन्त्री बरालले राजनीतिक स्थायित्व नै समृद्धिको पहिलो आधार भएको बताउनु भयो । विकासको लागि मानव संशासन ठूलो कुरा भएको उहाँको बुझाई थियो । उहाँले भन्नुभयो "घर अगाडि चिल्लो बाटो त तर सामाजिक रुपमा उपेक्षित छ भने त्यसको अर्थ हुँदैन, यो सामाजिक न्यायसँग जोडिन्छ ।" निजीसँग भएको ठुलो भोलुमको पुँजी राज्यले उचित ढंगले परिचलान गर्न सक्नुपर्ने उहाँको भनाई थियो ।

नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले अब राजनीति कुरा गरेर मात्र नहुने, कोभिडबाट प्रभावित भएको अर्थतन्त्रलाई माथि उकास्ने गरी काम गर्नुपर्ने बताउनु भयो । साना तथा मझौला व्यवसायीहरुलाई पुनरुत्थान नगरी कोभिडबाट प्रभावित भएको व्यवसायीलाई माथि उठाउन नसकिने पूर्व अध्यक्ष मुल्मीले बताउनु भयो ।

कोभिडको कारण नेपालको अर्थतन्त्र करिब ५ बर्ष पछि धकेलिने भएको प्रा.डा.रेशम थापाले बताउनु भयो । आर्थिक गतिविधि संचालन भए पनि पहिलाको तुलनामा करिब ७२ प्रतिशत मात्र आर्थिक कृयाकलाप हुने गरेको उहाँले बताउनु भयो । गण्डकी प्रदेशको पर्यटन र रेमिट्यान्स प्रभावित हुदा धेरै क्षेत्रमा यसको असर पर्ने प्रा.डा.थापाले बताउनु भयो । उहाँले कोभिडले अर्थतन्त्रमा पारेको प्रभाव र पुनरुत्थान बिषयमा कार्यपत्र प्रस्तुतः गर्दै कोभिडबाट नेपालले आफ्ना उत्पादन विदेशमा पुराउने गरी काम गर्न चुकेको उल्लेख गर्नु भयो । अर्थ शास्त्री प्रा.डा. लेखनाथ भट्टराईले कार्यपत्र माथि टिप्पढी गर्दै गण्डकी प्रदेशमा कोभिडबाट पर्यटन, यातायात, कन्स्टक्सन लगायतको क्षेत्रमा बढी प्रभाव परेको बताउनु भयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जेष्ठ नागरिकको अनुभव अनुसरण आवश्यक–मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, ११ चैत

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल(जीवन) ले समाजका जेष्ठ नागरिकको अनुभवलाई अनुसरण गर्नु पर्ने बताउनु भएको छ ।



कास्की जिल्लाको माछापुच्छे गाउँपालिका वडा नं. ६ भेडावारीस्थित बराह माविमा आज आयोजित जेष्ठनागरिकको ज्ञान, शिप र अनुभव पुस्तान्तरण कार्यक्रममा बोल्दै उहाँले समाजलाई सुसंस्कृति र व्यवस्थित बनाउन अग्रजको अनुभव मार्गदर्शन बन्ने विश्वास व्यक्त गर्नुभयो ।

सभ्य समाज निर्माणमा अग्रजहरुको अनुतलनीय योगदान रहेको चर्चा गर्दै मन्त्री बरालले राज्यका गहनाका रुपमा रहेका जेष्ठनागरिकलाई उच्च सम्मान गर्दै मायाममताका साथ घरघरमा संरक्षण गर्नुपर्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्थानीय निर्वाचनमा बहुमत ल्याउने दाबी

पोखरापत्र संवाददाता
दमौली, ११ चैत

नेकपा (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले स्थानीय तहको निर्वाचनमा एमालेले बहुमत हासिल गर्ने दाबी गर्नुभएको छ । एमाले तनहुँ जिल्ला कमिटीले शुक्रबार बेलचौतारामा आयोजना गरेको घोषणासभामा उहाँले स्थानीय तहको निर्वाचनमा एमालेको जितलाई कसैले रोक्न नसक्ने जिकीर गर्नुभयो । "एमालेप्रति देशभर जनताको आकर्षण बढेको छ, सोही कारण एमालेको जित निश्चित छ," उहाँले भन्नुभयो, "एमालेलाई हराउने कुनै शक्ति छैन ।" विगतमा पार्टी छाडेर जाने पनि पुनः एमालेमै फर्किने लहर चलेको उहाँको भनाइ थियो ।

एमालेका स्थायी कमिटी सदस्य किरण गुरुङले केपी ओली नेतृत्वको सरकारले गरेका कामका कारण जनतामा एमालेको आकर्षण बढेको बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सभागृहको नाम बिपी सदन

**पोखरापत्र संवाददाता**
**दमौली, ११ चैत**

व्यास नगरपालिका-३ स्थित बिपी वनबाटिकामा निर्माणाधीन सभागृहको नाम 'बिपी सदन' राख्ने निर्णय भएको छ। जिल्ला सभाको बैठकले उक्त निर्णय गरेको हो ।

व्यास नगरपालिकाले सभागृहको नाम बिपी सदन राख्न कार्यपालिकाको बैठकको निर्णय गरी माग गरेको थियो । नगरपालिकाको मागबमोजिम यही चैत ९ गते बसेको जिल्लासभाको बैठकले सभागृहको नाम बिपी सदन राख्ने निर्णय गरेको जिल्ला समन्वय अधिकारी थमनसिं थापाले जानकारी दिनुभयो ।

जिल्लासभामा समन्वय समितिका प्रमुख, उपप्रमुख, चार नगरपालिकाका प्रमुख र उपप्रमुख तथा छ गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष सदस्य रहन्छन् ।

सहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यान्वयन एकाइ कास्कीमार्फत निर्माण भइरहेको भवन अन्तिम चरणमा पुगेको छ। विसं २०७४ माघ २८ गतेदेखि निर्माण सुरु भएको भवन कोरोना कहरका कारण ढिलाइ भएको थियो। विसं २०७७ असार १५ गतेभित्र सम्पन्न गर्नुपर्ने उक्त भवन कोरोनाको चपेटामा परेको थियो । कोरोना कहरका कारण भवन निर्माणको म्याद चैत मसान्तसम्म थप भएको छ।

भ्याटबाहेक रु २३ करोड ६२ लाख ४३ हजार ३३१ को लागतमा निर्माण भइरहेको भवन विसं २०७७ असार १५ गतेभित्र सम्पन्न गर्ने गरी काठमाडौँस्थित डाँफे/एमए/प्रतिष्ठा जेभीले ठेक्का पाएको थियो । सोही ठाउँमा रहेको पुरानो सभागृह भत्काएर विसं २०७४ माघ २८ गतेदेखि भवन निर्माण सुरु भएको थियो । सभाहल निर्माण सम्पन्न भएको मितिदेखि एक वर्षसम्म मर्मतसम्भारको अवधि राखिएको छ । ७५० क्षमता भएको सभाहलको बेस ग्राउण्डमा २० वटा कार तथा ७० वटा मोटरसाइकल पार्किङ गर्न सकिनेछ । उक्त भवनमा मुख्य सभाहलबाहेक १५० जना क्षमताको सेमिनार हल निर्माण हुनेछ। सभाहल बाहिर फाउण्टेनसहितको भिआइपी पार्किङस्थलसमेत रहनेछ । सभाहल ५३ मिटर लम्बाइ, १५ उचाइ र २५.५ चौडाइको हुनेछ।

# इदीमा रोटरीले ल्यायो घर-घरमा धारा

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**

रिठ्ठेखोलाको पानी पिएपछि कयौ पटक भोकै मेटायो । जति पानी खायो उति आँतै फुरुङ्ग हुन्छ बाबु । म ८२ वर्ष भएँ । हामी दिनभरी आली लगाउँथ्यौ अनि रिठ्ठेखोलका पानी पिएर सयौं पटक वेलुका घर फर्कैउँ । यस्तो मिठो पानी आज रोटरी क्लवले घर घरमा ल्याइदियो ।

हाम्रो इदी गाउँमा पानीले काकाकुल भएको बेला इन्द्र भगवान भएर पानी पारिदिएर हामीलाइ खुशी नै खुशी छाएको छ बाबु । इदी निवासी अप्सरा देवकोटा पनि घर घरमा धारामा पानी आएपछि जीवन स्वर्गमय बन्दै गएकोमा खुशी व्यक्त गरिन । बाबु पनि रोटरीका रहिछौं बाबुलाई पनि मेरो आर्शिवाद छ । मादी गउँपालिका इदी बस्ने ८२ वर्षिय दया सागर देवकोटाले शुक्रवार खानेपानी उद्घाटन



कार्यक्रमको भेटमा सो कुरा भनेका हुन । रोटरीको सहयोगमा मादी गाउँपालिका वडा नं ४ स्थित इदी देउराली खानेपानी योजना अन्तर्गत निर्माणधिन १६ वटा धारा शुक्रवार उद्घाटन भयो ।

युनिका फाउण्डेसन दी नेदरल्याण्ड्स, रोटरी क्लव अफ पोखरा लेकसाइड र मादी गउँपालिकाको सहयोगमा निर्माण भएको हो । खानेपानी योजनामा १५ घरदुरीको लागि ३१ सय मिटर पाइप प्रयोग गरी १० हजार वरावरको एउटा ट्याङ्की निर्माण भएको छ । रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष हुम आलेले निदरल्याण्डमा इदी भन्ने सुनी आज सोही ठाउँमा धारा उद्घाटन गर्न पाउँदा ज्यादै खुशी लागेको भने। चैत महिनामा पनि धारामा यति ठूलो पानी आउँदा हृदय नै खुशी लागेको भन्दै अध्यक्ष आलेले धारालाई संरक्षण गर्न अनुरोध गरे। जिल्ला समन्वय समिति कास्कीका सदस्य वृहस्पती सापकोटाले पानीको हाहाकार भएको इदी देउरालीमा रोटरीको सहयोगले सवैमा हृदयदेखि नै खुशी छाएको भने । रोटरी क्लव अफ पोखरा लेकसाइडका क्लव एडमिन तथा खानेपानी योजनाका संयोजक शुक्रराज सुवेदीले १४ लाख दुई सय ७० रुपैयाँको लागतमा योजना सम्पन्न भएको जानकारी गराए। ५ लाख ९१ हजार युनिका फाउण्डेशन नेदरल्याण्डवाट,मादी गउँपालिकावाट एक लाख र ७ लाख ७० हजार वरावरको स्थानीयको श्रमदानवाट योजना सम्पन्न भएको संयोजक सुवेदीले भने। उपभोक्ता समितिका संयोजक चन्द्रप्रसाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा मादी गाउँपालिकाका वडा अध्यक्ष सत्यराज सापकोटा लगायत वोलेको कार्यक्रममा स्थानीय उपभोक्ता समितिका सल्लाहकार खेमराज सापकोटाले स्वागत र उपभोक्ता समितिका सचिव सुभाष सापकोटाले संचालन गरेका थिए।

# अमरसिंहमा लायन्स लेकसिटीको आँखा परीक्षण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**

लायन्स क्लब अफ पोखरा लेकसिटीले यहाँको अमरसिंह उच्च माविको दृष्टिविहीन शाखामा अध्ययनरत विद्यार्थीहरुको आँखाको दृष्टि कम भएका बालबालिकाहरुको परीक्षण गराएको छ ।

क्लबले त्यहाँ अध्ययनरत तथा आँखा कमजोर भएका ३९ जना बालबालिकाहरुको आँखा परीक्षण गराएको क्लबका अध्यक्ष कैलाश पालिखेले जानकारी दिए। अमर सिंहको दृष्टिविहीन शाखामा दृष्टि गुमाएका तथा कमजोर दृष्टि भएकाहरु पढ्दै आएका छन् । उनीहरुको बेलाबेलामा परीक्षण गराउनुपर्छ ।

दृष्टि कम भएकाहरुलाई



औषधिहरुको आवश्यकता पनि पर्छ । उनीहरुको आवश्यकतालाई ध्यानमा राख्दै नेत्ररोग विशेषज्ञ डाक्टर बबिता गुरुङ र नविन बरालको सहयोगमा परीक्षण गरिएको कार्यक्रम संयोजक सुदीप प्रधानाङ्गले जानकारी दिए। सो अवसरमा आवश्यक औषधि पनि वितरण गरिएको थियो । कार्यक्रमको प्रमुख अतिथि लायन्स ३२५ बि १ नेपालका सिनियर एडभाइजर शिव द्धा रहेका थिए। लायन्स क्लब अफ पोखरा लेकसिटीले पछिल्लो समय शिक्षासँग जोडिएका क्षेत्रमा सहयोग गर्दै आएको छ।

# विश्व शान्तिका लागि पोखरामा 'महापूजा'

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**

पोखरामा गुरुङ (तमु) लामा बौद्ध धर्म समाजले आयोजन ागर्ने प्रथम विश्व शान्ति कांग्युर (त्रिपिटक) वाचन महापूजा कार्यक्रमको तयारी तिव्र पारिएको छ।

आगामी १३ देखि १८ गते सम्म तमु धि नेपालमा आयोजना हुने उक्त महापूजाको तयारी अन्तिम चरणमा पुगेको आज आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी दिईएको हो।

समाजका अध्यक्ष धर्मगुरु डा. श्रीलामाले कोरोना भाईरसको महामारीका कारण मृत्युवरण गर्नेहरुको आत्मा शान्तिका लागि नेपालमै पहिलो पटक कांग्युर वाचन महापूजा आयोजन ागर्न लागेको बताए । उनका अनुसार १ सय ३ ठेलीको ग्रन्थ ६ दिनमा सकिने लक्ष्य राखिएको छ। उनले हरेक दिन धर्म देशना, ग्रहशान्ति,



र पितृपूजा हुने बताउदै बौद्धमार्गी मात्रै नभइ अन्य धर्मावलम्वीहरु समेत पूजामा भाग लिन सक्ने बताए । 'हामै देशमा जन्मेका बुद्ध दर्शनको महत्व देशमा भन्दा अन्य मुलुकमा छ, उनले भने, ' त्यसैले बुद्ध दर्शन बारे पनि जानकारी दिने हाम्रो कार्यक्रमको उद्देश्य रहेको छ ।' उनले बुद्ध दर्शनको कमी कै कारण मुलुकमा हत्या तथा हिंसा भैरहेको धारणा राखे । ६ दिन सञ्चालन हुने सो पूजामा करिब १५ लाख खर्च हुने अनुमान गरिएको छ । भने नेपालका विभिन्न स्थानमा रहेका बौद्ध धर्मगुरुहरुको उपस्थिति रहने छ। गण्डकी प्रदेशको राजधानीमा महापूजा सकिएसँगै देशको अन्य प्रदेशमा पनि महापूजाको कार्यक्रम तय गरिसकेको आयोजकले जनाएको छ। आईतबार विहान ८ बजे देखि सुरु हुने सो महापूजाको उद्घाटन गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले गर्नेछन् ।

## जेष्ठ...

आवश्यकता औल्याउनुभयो । ज्येष्ठ नागरिकको अनुभवलाई रक्षा गर्नु नयाँ पुस्ताको कर्तव्य भएको उल्लेख गर्दै उहाँले मानवप्रति गरिने मान सम्मान हराउदै गएकोमा गम्भीर भएर सोच्नु पर्ने धारणा राख्नुभयो ।

पोखरा बृद्धाश्रमको आयोजना एवम् प्रदेश सामाजिक विकास मन्त्रालयको सहयोगमा आयोजित कार्यक्रममा विद्यालयका दश जोड दुईका ३७ जना विद्यार्थी र १५ जना जेष्ठनागरिकको बीच अनुभव आदानप्रदान गरिएको आश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले जानकारी दिनुभयो। कार्यक्रममा डा. निल शर्माले जेष्ठनागरिकको स्वास्थ्य रक्षा र दिचर्या, वृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले जेष्ठनागरिकलाई आयआर्जनमा कसरी जोडन सकिन्छ र विश्वहिन्दु महासंघका सल्लाहका शालिकराम सापकोटाले परम्पारगत संस्कृतिको जगेर्नामा युवा पुस्ताको भूमिका विषयमा प्रशिक्षण दिनुभएको थियो।

बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष टेकनाथ गौतमको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका अधिकृत गोविन्दु सापकोटा, प्रशिक्षक डा. अनिल थापा, बिद्यालयका प्रध्यानाध्यापक मिनराज अधिकारी लगायतले जेष्ठनागरिकको ज्ञान सिपलाई पुस्तान्तरणमा राज्यले भूमिका महत्वपूर्ण हुनेमा जोड दिनुभयो। तस्वीर उपलव्ध छ।

## सिपयुक्त....

रेमिट्यान्स पर्यटनको अभिङग् अंग नभएको उल्लेख गर्दै उहाँले रेमिट्यान्स अनउत्पादन क्षेत्रमा लगानी भएको दाबी गर्नु भयो।

गरिब परिवारलाई बर्षमा एक सय दीन रोजगार दियर पनि जनताको जीवन स्तरउकास्न सकिने उनले बताए। प्रदेश सरकारलाई आफुहरुले दिएको सुझाव खासै मनन नगरेको प्रा.डा. भट्टराईको गुनासो थियो । संघका अध्यक्ष नारायण कोइरालाले आयातमुखि हाम्रो अर्थतन्त्रलाई अब निर्यातमुखि र आयात कम गरी उत्पादनमा जोडदिनुपर्ने बताउनु भयो । प्रा.लि.का प्रबन्धक हृदयराज गौतमको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको कार्यक्रम संयोजक विश्वमोहन अधिकारीले बताउनु भयो।

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं ।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौ ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं ।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

सडक दुर्घटनाबाट आफू पनि बचौं,
अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मनकामना केबुलकार एक दिन बन्द हुने

पोखरापत्र संवाददाता
गोरखा ११ चैत

नेपालको पहिलो केबुलकार मनकमना केबुलकार एक दिन बन्द हुने भएको छ।

नियमित मर्मतसम्भारका लागि यही चैत १४ गते सोमबार एक दिनका लागि बन्द गरिने भएको हो । मर्मतसम्भारपछि चैत १५ गते मङ्गलबारदेखि पुनः नियमित सञ्चालनमा आउने नायब महाप्रबन्धक उज्ज्वल शेरचनले जानकारी दिनुभयो।

उहाँका अनुसार सो अवधिभर चितवनको इच्छाकामना गाउँपालिका-४ चेरेशस्थित बटम स्टेशनमा रहेको रेष्टुरेन्ट सेवा भने यथावत रहने छ।

गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरसम्म जान सहजताका लागि मनकामना दर्शन प्रालिद्वारा २४ वर्षअघिदेखि सञ्चालित मनकामना केबुलकार स्तरोन्नतिको तयारीमा रहेको छ।

# ‘बानी पर्यो सुरामा’ भन्दै आए विनोद, म्युजिक भिडियो सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा ११ चैत

गजलकार उदीपराज ढुंगानाले एउटा गजल लेखे । समय साँझको रमझम थियो। साथीभाई सँग सुरामा रमाउँदै थिए उदीप पनि । मात चढीरहेका बेला गजल फुर्यो। उनले सुनाईहाले। त्यहिँ थिए अर्का गजलकार तथा गीतकार मन क्षेत्री । उदीपको गजलको पहिलो हरफ मनको दिमाखमा बस्यो । पछिल्लो दिन गायक विनोद बानियाँ सँग साँझकै बेला सुरामा रमाउँदै गर्दा मनले भने ‘दाई उदीपले एउटा मिठो गजल लेखेको छ, संगीत भर्न पर्यो।’ बानियाँले उक्त गजल सुने। पहिलो हरफ नै मन पर्यो। दिमाखमा एउटा धुन बन्यो। उनले तत्काल नै मनलाई सुनाए।



विनोदको बलेनी भर्खरै सार्वजनिक भएको थियो। दर्शकको रोजाईमा परिरहेका बेला उनले सुरामा निकाल्न सकेनन् । पछि देशमा कोरोना महामारी आयो। गीतको रकर्डिङ देखि छायाँकन सम्मका सबै काम प्रभावित हुन पुग्यो। विनोद समयको पर्खाइमा थिए। राम्रो समय फर्किएला र गीत सार्वजनिक गरौंला भन्ने सोच उनमा थियो । जून आज आएर मात्र पूरा भएको छ।

गायक विनोद बानियाँको बानी पर्यो सुरामा सार्वजनिक भएको छ । शुक्रबार पोखरामा पत्रकारका बीच एक कार्यक्रमको आयोजना गर्दै विनोदले उक्त गीत सार्वजनिक गरेका हुन्। सार्वजनिक कार्यक्रममा बोल्दै विनोदले गीतबाट राम्रै सफलता मिल्ने आशा राखेका छन्। पोखरेलीको पूर्णतया सहयोग मिल्नेमा उनी विश्वस्त छन्।

पोखरेली युवा सांस्कृतिक परिवारका पूर्व अध्यक्ष तथा परिचय डटकमका प्रधान सम्पादक सुरेश रानाभाटले गीतमा विनोदको आवाजले न्याय मिलेको अभिव्यक्ति प्रस्तुत गरे। पोखरा सुन्दर शहर भएकाले यहाँका सिर्जना पनि सुन्दर हुन आवश्यक रहनुपर्ने धारणा उनको थियो । गजल सन्ध्या पोखराका पूर्व अध्यक्ष तथा पत्रकार अमृत सुवेदीले पोखरा पर्यटकीय शहरसँगै संगीत क्षेत्रको पनि उर्भर भूमी भएकाले नयाँनयाँ सिर्जना आउनु सुखद भएको उल्लेख गरे। विनोदको बानी पर्यो सुरामाले पोखरेली संगीत र सिर्जनालाई माथी उठाउन महत्वपूर्ण भूमिका खेल्नेमा उनी विश्वस्त देखिन्छन्।

गजल सन्ध्या पोखराका पूर्व अध्यक्ष तथा पत्रकार मन क्षेत्रीले विनोद बानियाँ संगीतका राम्रा साधक भएको उल्लेख गरे । संगीत संगत भएकाले संगतका कारण नै बानी पर्यो सुरामा आज सार्वजनिक गरिएको धारणा उनको थियो । पछिल्लो समय विनोद बानियाँ गायक मात्र नभएर संगीतकारका रुपमा समेत परिचित हुँदै गएको उनले बताए। उदीपको पहिलो रेकर्डिङ गीत बानी पर्यो सुरामालाई उनले प्रशंसा गरेका छन् । म्युजिक भिडियोमा अभिनय गरेका भीष्म रानाले आफुले गायक विनोद बानियाँसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए। उक्त गीत मार्फत नै राना म्युजिक भिडियो अभिनयमा डेब्यू गरेका हुन्। लामो समय भारतीय सेनामा आबद्ध भई हाल पोखरामा व्यवसाय गर्दै आएका राना अभिनय क्षेत्रमा आउन चाहन्छन् । विनोदको म्युजिक भिडियोलाई रोहन नेपालीले निर्देशन गरेका हुन् । छायाँकन मिलन शंकरको हो। टिकटक स्टार विना राउत र प्रदीप बास्तोलाको अभिनय रहेको गीतलाई पोखराको हेमजा स्थित डिलबारीमा छायाँकन गरिएको हो । गीत विनोद बानियाँकै अफिसियल युटुब मार्फत सार्वजनिक भएको छ।

# महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि गण्डकी प्रदेशलाई

रासस
काठमाडौं ११ चैत

धनगढीमा सम्पन्न मुख्यमन्त्री कप यु-१९ महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि गण्डकी प्रदेशले जितेको छ । कर्णाली प्रदेशलाई तीन विकेटले पराजित गर्दै गण्डकीले प्रतियोगिताको उपाधि जितेको हो।

उपाधि विजेता गण्डकीले रु दुई लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता कर्णाली प्रदेशले रु एक लाख ५० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। धनगढीको फाप्ला क्रिकेट मैदानमा शुक्रबार सम्पन्न फाइनल खेलमा टस जितेर ब्याटिङ गर्ने निर्णय गरेको कर्णाली प्रदेशले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ६४ रनको लक्ष्य प्रस्तुत गरेको थियो। पैसठ्ठी रनको विजयी लक्ष्य पछ्याएर मैदान उत्रिएको गण्डकीले १७.३ ओभरमा सात विकेट गुमाएर लक्ष्य भेट्टायो । उसका लागि ज्योत्सनिका मरासिनीले ११ र सृजना पौडेल तथा आङ्पेम्बलुम्बा सेर्पाले समान नौ/नौ रन बनाइन्।

बलिङतर्फ कर्णालीकी श्रीमीसिं थारूले चार विकेट लिइन्। उसकी विना थापाले दुई र एन्जीला थापाले एक विकेट लिइन् । त्यसअघि कर्णालीको पारि किरणकुमारी कुँवरले एक्लै सम्हालिन् । सतसठ्ठी बलको सामना गरेकी उनले टोलीलाई २९ रनको योगदान दिइन् । बलिङतर्फ गण्डकीका लागि आकृति तिवारीले दुई र मनीषा उपाध्याय तथा ज्योत्सनिका मरासिनीले समान एक/एक विकेट लिइन् । खेलको ‘प्लेयर अफ दी म्याच’ गण्डकीकी ज्योत्सनिका मरासिनी भइन्।

प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी गण्डकीकी ज्योत्सनिका मरासिनी भइन् । उनले नगद रु २५ हजारसहित ट्रफी प्राप्त गरिन् । सर्वोत्कृष्ट बलर कर्णालीकी एन्जीला थापा र उत्कृष्ट ब्याटर बागमतीकी हेलिशा गुरुङ भइन्। उनीहरूले जनही रु १०/१० हजार प्राप्त गरिन् । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा सम्पन्न भएको प्रतियोगितामा सात प्रदेशका यु-१९ महिला क्रिकेट टोलीको सहभागिता रहेको थियो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : झमेला बड्ने | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मोटर गुडे, पाइलाका डोब मेटिए

– ध्रुवसागर शर्मा
म्याग्दी ११ चैत (रासस)

गोरेटो बाटामा स्याउलाले बारेका र खरले छाएका छाप्रे चिया पसल। एक मोहोर तिरेपछि एक गिलास चिया पिउन पाइने । मान्छेको कोलाहल र खच्चर हिँड्दा घाँटीमा झुण्डाइएका घण्टी बजेपछि आउने चर्को आवाजले बिहान ४ बजेदेखि नै गुञ्जायमान हुने बाटो र सुरु हुने बाटाको दायाँबायाँ बनाइएका अस्थायी छाप्रामा घुम्ती व्यापारीको दिनचर्या।

चालीस पचास वर्षअघि यस्तै अवस्था थियो। सरकारी कर्मचारी, गाउँका साहु महाजन र मुक्तिनाथ दर्शनका लागि आएका धनीमानी व्यक्ति घोडामा सवार हुन्थे। भरिया, तीर्थयात्री र मजदुरी गर्न ओहोरदोहोर गर्ने व्यक्ति पैदलमा हुन्थे र पिठ्यूँमा डोकाभरिको सामान बोक्थे । भरिया र ढाक्रेहरू भारी बोकेर हिँड्दा हिँड्दै जहाँ रात पर्छ त्यही भारी बिसाउँथे। पाए ठाँटी, नपाए चौतारी वा रुखको फेदमा नै खाना पकाएर खान्थे र सुत्थे । खल्तीमा पैसा हुने र घोडामा सवार भएकाहरू होटलमा बास बस्थे। यो अहिलेको बेनी-जोमसोम सडक बन्नुभन्दा पहिलाको वास्तविकता हो जति बेला म्याग्दी र मुस्ताङमा कुनै पनि सडक खनिएका थिएनन् तर अहिले यहाँको अवस्था फेरिएको छ । पैदल हिँड्ने बाटाको नामोनिसान छैन । फराकिलो सडक बनेको छ। सडकमा मोटर गुडेका छन् तर पुर्खाका पाइलाको डोब मेटिएका छन् । उहिले बेनी नेपाल-भोट व्यापारको प्रमुख नाका थियो । बेनीमा बजार विस्तार भइसकेको थिएन । खर र ढुङ्गाले छाएका केही घर मात्र थिए । अस्थायी मण्डी र साप्ताहिक हाटबजार लाग्ने गर्थ्यो। त्यही मण्डी र हाटबजारमा खरिदबिक्री गर्न बुटवलबाट स्याङ्जाको सेती दोभान र पर्वतको कुस्मा हुँदै सामान आयात गरिन्थ्यो । म्याग्दी र मुस्ताङमा दैनिक उपभोग्य देखि निर्माण सामग्री पुर्याउनका लागि प्रयोग हुने मुख्य नाका नै बेनी बजार रहेको त्यतिबेलाका जानकार बताउँछन्।

मदन पुरस्कार विजेता चन्द्रप्रकाश बानियाँका अनुसार बेनी बजार १७ औँ शताब्दीमा स्थापना भएको हो । विसं १६३१ मा पर्वत राज्यको बिखण्डन भयो । सोह्र हजार पर्वत सामेल रहेको पर्वत राज्यबाट गलकोट र कास्की राज्य अलग भए। राजा राजबम मल्लले पर्वत राज्य सम्हाले । उनैले आफ्नो राज्यभित्रका नागरिकको आर्थिक उपार्जनको बाटो र राज्य सञ्चालनको खर्चको खोजी गर्दा बेनीले व्यावसायिक यात्राको सुरुआत गरेको बानियाँले आफ्ना कृतिमा उल्लेख गर्नुभएको छ।

तत्कालीन समयमा बेनी बजार चौबाटामा पर्थ्यो। मुस्ताङ, बागलुङ र रुकुमको चौबाटो पर्ने भएकाले राजा राजाबमले व्यापारको अक्कल लगाए। खानी सञ्चालनमा आए । ज्यामरुककोटबाट ल्याइएका कालीगढले तामा र फलाम निकाल्न थाले । तामा र फलामबाट सुरु भएको बेनीको व्यापार सुन, नुन र ऊन हुँदै अहिले सूचना प्रविधि र विकासनिर्माणका सामानको व्यापारिक केन्द्र नै बनेको छ। विसं २०६४ मा नेपाली सेनाले साधारण मार्ग खोलेर विसं २०६७ मा सडक विभागलाई हस्तान्तरण गरेपछि बेनी-जोमसोम सडकमा गाडी गुड्न थाले । बेनी-जोमसोम सडकका क्षेत्रमा रहेका आधा दर्जन बढी अस्थायी बजार र पदमार्ग मासिए पनि म्याग्दीको बेनी बजार र मुस्ताङको जोमसोम बजारको रौनक थपियो।

बेनीबाट भारी बोकेर मुस्ताङ र मुस्ताङबाट नुन र स्याउ बोकेर बेनी ल्याउन पटकपटक ओहोरदोहोर गर्नुभएका बेनी नगरपालिका -२ का ९६ वर्षीय खड्गबहादुर थापा सडक बनेपछि मोटर चढेर एक पटक मुस्ताङ पुग्नुभयो। भरियाको रूपमा पहिला कयौँ पटक मुस्ताङ पुग्नुभएका थापालाई सडकमा गाडी चढेर मुस्ताङ जाँदा अनौठो लाग्यो। “त्यस बेलाको कुरा सुनाउने हो भने अहिलेका नयाँ पुस्तालाई पत्याउनै कठिन हुन्छ। चारपाँच रुपियाँ भयो भने टन्न खान पाइन्थ्यो। पिठ्यूँमा भारी बोकेर बेनी-जोमसोम गर्न एक हप्ताभन्दा बढी लाग्थ्यो । डोको बोकेर हिँड्दै जाने, जहाँ पुग्दा रात पर्छ, त्यहीँ बस्ने गर्थ्यौँ। ठाँटी भएका ठाउँमा पुगे त्यही ठाँटीमा नत्र यसो रुखमुनि भारी बिसाउँथ्यौँ, त्यही भारीको छेउमा निदाएर बिहानै ४ बजे फेरि भारी बोकेर हिँड्थ्यौँ”, थापाले भन्नुभयो।

उहाँका अनुसार त्यस बेलामा मुस्ताङमा मात्रै होइन, उत्तरी म्याग्दीका विभिन्न गाउँमा भारी बोकेर खाद्यान्नलगायत सामग्री लैजाने भरिया बढी हुन्थे । तिनले चामल, चिनी, चियापत्ती, नुन, तेललगायत सामान बोकेका हुन्थे । नदी किनारबाटमानवीयसभ्यतारबाटाका छेउबाट व्यापारको सुरुआत भएको मानिन्छ। बेनी -जोमसोम सडकको पुरानो अवस्थालाई अध्ययन गर्ने हो भने कालीगण्डकीका छेउछाउबाट नै थकाली र मगर संस्कृति मौलाएको पाइने बेनीका ८० वर्षीय नैनकुमार श्रेष्ठले बताउनुभयो । “मानवीय सभ्यताहरू नदी छेउछाउबाट सुरु भएका छन् । बिस्तारै मान्छेहरू छिरलिएर बस्न थालेपछि ती सभ्यता पनि बसाइँ सरे वा फैलिए”, श्रेष्ठले भन्नुभयो, “समयसँगै विकास आयो र विकाससँगै सुविधा । सुविधा पाएपछि मान्छेले सबै भुल्यो, गोरेटो बाटो भुल्यो, चौतारी र ठाँटी बिर्सियो, आफ्ना पुर्खाका पैतालाका डोबलाई फलामे दाँत भएको डोजर लगाएर कोपर्‍यो, सडक बनायो, गाडीमा हुइँकियो।”

उहाँका अनुसार पहिलो पटक बेनी- जोमसोम सडक बनेपछि भने सवारी साधनमा ओसारपसार र यात्रा हुन थाल्यो । नदी छेउमा मानव सभ्यता विकास भए जस्तै सडक छेउमा बस्ती बस्न थाले अनि सुरु भयो बजारीकरण। पहिलेपहिले ठाँटी, सत्तल र स्याउले बजार रहेका बेनी-जोमसोम सडक क्षेत्रका गलेश्वर, चमेरे, भुरुङ तातोपानी, दाना, लेतेलगायत दर्जनभन्दा बढी ठाउँमा बजार विस्तार भएका छन्।

यता बेनी बजार विस्तारको कथा भने विकाससँगभन्दा बढी तत्कालीन राजनीति र ऐतिहासिक पृष्ठभूमिसँग जोडिएको छ । तत्कालीन बाइसे-चौबिसे राजाका पालामा पर्वत राज्यको मुकाम बेनीबजार १७ औँ शताब्दीमा स्थापना भएको हो । अरू बजार नेवार समुदायले सुरुआत गरेको इतिहास रहे पनि बेनी बजारमा व्यापारको जग कामी समुदायका व्यक्तिले राखेको पाइन्छ । बेनी बजारबाट त्यतिबेला नै तामा, फलाम र धातुको व्यापार सुरु भएको लेखक तथा इतिहासकार बानिया बताउनुहुन्छ । उहाँका अनुसार अहिलेको म्याग्दीमा पर्ने बेनीबजार सुरुमा बगर थियो। “पर्वत बेनीमा पर्ने कालीगण्डकीका तीरबाट व्यापार सुरु भएको हो । पर्वत राज्यमा उब्जाउ हुने जमिन थिएन, आयस्रोत भनेकै व्यापार देखेर राजाले व्यापार गर्न लगाएको पाइन्छ”, बानियाँले आफ्ना कृतिमा लेख्नुभएको छ। उहाँका अनुसार पर्वत राज्यका सातौँ राजा मलेबम मल्लले पहिले बेनीबजारभन्दा केही टाढामाथि रहेको दरबार बेनीमा सारे । उनको राजकाज त्यहीँबाट हुन थाल्यो र कर उठाउन थाले । त्यसपछि बेनीको व्यापार थप बढेको थियो। बाइसे -चौबिसे राजाका पाला सबैभन्दा पहिले मुद्राको सुरुआत पर्वत राज्यबाट भएको इतिहास छ। बेनीमा टक्सार (मुद्रा काट्ने यन्त्र) राखेर मुद्राको प्रचलन सुरु गरिएको इतिहास छ।

करिब पाँच सय वर्षको इतिहास रहेको बेनीबजारले अहिलेसम्म पनि आफ्नो साख जोगाइरहेको छ। पैदल हिँडे घोरेपानीको बाटो हो, नत्र बेनी बजार म्याग्दी, मुस्ताङको एक मात्रै नाका हो। पछिल्लो समय जिल्लाका गाउँगाउँसम्म सडक पुगेका छन् । राज्यको पुनःसंरचना भएपछि पालिका मुकाम बनेका छन् तर बेनी बजार भने यी सबै परिवर्तनसँग अनुकूलित हुने गरेको म्याग्दी उद्योग वाणिज्य सङ्घका भूतपूर्व अध्यक्ष प्रमोदकुमार श्रेष्ठ बताउनुहुन्छ । विसं २०१७ मा म्याग्दी वेणी र पर्वत वेणीलाई जोड्ने गरी म्याग्दी खोलामा पुल बनेपछि बेनी बजारको व्यापारले गति लिएको श्रेष्ठको भनाइ छ।

अहिले पनि बेनी बजारको व्यापारमा कुनै कमी आएको छैन। गाउँगाउँमा बजार विस्तार भए पनि ‘ट्रान्जिट प्वाइन्ट’ भएको हुँदा बेनीबजार सदाबहार नै छ। मुस्ताङको स्याउ र च्याङ्ग्राको मुख्य बजार बेनी हो भने म्याग्दी र मुस्ताङको खाद्यान्न पनि बेनीबाट नै वितरित हुने गर्छ। बेनी-जोमसोम खण्डमा पर्ने पोखरे बगर बजारले पनि आफ्नै लय समातेको छ । विकासको क्रमसँगै गाउँगाउँमा सडक खनिन थाले । सडकका कारण बजार बन्न थाल्यो र मानिस गाउँ छाडेर बजारमा सर्न थाले जसका कारण ऐतिहासिक नाका र पुराना बजारको मुहार अहिले देख्न नपाइने भए पनि बेनीबजार अपवादका रूपमा रहेको स्थानीयवासी बताउँछन्। बजारलाई विकेन्द्रित गरिएपछि सुनसान बनेका गाउँ हराभरा भएका छन् । बाँझा छाडिएका जग्गामा खेती हुन थालेको छ।

सङ्घीयताको आधार मानिएको विकेन्द्रीकरणको नीतिले गाउँ बजारसँग जोडिए पनि तिनको मौलिकता र पुर्ख्यौली पहिचान हराएकामा बूढापाकाले चिन्ता व्यक्त गरेका छन् । पुराना बजार र नाकामध्ये कतिपयलाई नयाँ सडकले छोए त कतिपय छलिए । नयाँ मोटर बाटा खनिए पनि जहाँजहाँ पुराना बजारलाई छोएर गएको छ, त्यस ठाउँमा भने परम्परागत बजारका ठाउँमा झनै विकसित र आधुनिक बजार स्थापित भएका छन् तर जुन नाका र बजार सडकले छुन सकेन, ती विस्थापित भएका छन्। ती ठाउँमा न बजार बसे, न पदमार्ग नै सुरक्षित भए।

# सहमति र सहकार्यबाट अघि बढ्नुपर्छ : दाहाल

रासस
चितवन ११ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले दलहरुबीच सहमति र सहकार्य हुनुपर्ने बताउनुभएको छ।

भरतपुर महानगरपालिकाको प्रशासनिक भवन शिलान्यास समारोहमा अध्यक्ष दाहालले दलहरु एक्लाएक्लै अघि बढेको भए अहिलेको अवस्थामा आउन नसक्ने उल्लेख गर्नुभयो।
दलहरुको सहकार्यबाटै संविधान बनेको भन्दै उहाँले भन्नुभयो “सबै दल आ-आफ्नै ढङ्गले गएको भए के देशमा शान्ति आउँथ्यो ? के संविधानसभा हुन्थ्यो ? के संविधान जारी हुन्थ्यो ?” गिरिजाप्रसाद कोइरालाले आफ्नो जीवनको अन्तिम समयसम्म सहमति सहकार्यलाई मन्त्रको रुपमा भन्ने गरेको स्मरण गर्दै उहाँले सो कुरालाई बिर्सन नहुने बताउनुभयो।

गठबन्धनका सन्दर्भमा अध्यक्ष दाहालले अहिले केही साथीहरु मिलेर जाने होइन आफ्नै आफ्नै ढङ्गले जानुपर्छ भन्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “आफ्नै तरिकाले जाने हो भने पनि हामीलाई आपत्ति छैन । आफ्नै आफ्नै तरिकाले पनि जान सकिन्छ।” कार्यक्रममा भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहाल, उपप्रमुख पार्वती शाह ठकुरी र प्रमुख कार्यकारी अधिकृत रामवन्धु सुवेदीले महानगरले गरेका विकास निर्माणबारे जानकारी गराउनुभएको थियो।


त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

जनशक्ति आवश्यकता सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।

यस क्याम्पसका लागि व्यक्तिगत सेवा करारमा प्लम्बर एक, ड्राईभर एक र कार्यालय सहयोगी (स्वीपर) एक पदपूर्ति गरी सेवा लिनुपर्ने भएको हुँदा कुनै कसुरदार नठहरिएका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७८/१२/२७ गतेभित्र रीतपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख

# गाउँमै प्रयोगशाला सेवा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ चैत**

म्याग्दीको रघुगंगा गाउँपालिका -३ मा रहेको पिप्ले स्वास्थ्य चौकीमा आधारभूत प्रयोगशाला सेवा सुरुआत गरिएको छ।

गाउँपालिकाले बेग, भगवती, पिप्ले दग्नाम, चिमखोला र कुइनेवासीलाई लक्षित सेवा सञ्चालनमा ल्याएको हो। सो प्रयोगशालाबाट रगत, पिसाव, खकार कोरोना एन्टिजेन, एसआईभी, हेपाटाइटिसको परीक्षण गरिने चिकित्सक डा सन्तोष बोहोराले जानकारी दिनुभयो । "रगत र पिसाव परिक्षण गरेर रोग पहिचान र उपचारमा सहज भएको छ," उहाँले भन्नुभयो "प्रयोगशाला सञ्चालन गर्न गाउँपालिकाले छुट्टै जनशक्ति व्यवस्थापन गरेको छ ।" यसअघि प्रयोगशालाको सेवाका लागि सदरमुकाम बेनी जाने गरेका थिए । सदरमुकाम जान आउन लाग्ने समय र खर्चको बचत हुने स्थानीय रमेश सिंह ठकुरीले बताउनुभयो। पिप्लेसंगै पाखापानीमा प्रयोगशाला सेवा यसै बर्षमा सुचारु गर्ने गरी सामान र जनशक्ति व्यवस्थापन गरिसकेको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो । "पिप्लेमा अस्पताल बनाउनका लागि केन्द्र र प्रदेश सरकारसंग माग गरेका छौ," उहाँले भन्नुभयो "एक्सरे सेवा संचालन गर्नका लागि भवन निर्माण भईरहेको छ।"

अध्यक्ष भण्डारीले आठ वडाका स्वास्थ्य चौकी वाहेक अपायक पर्ने वस्तीमा थप आठ वटा सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गरिएको जानकारी दिनुभयो। गाउँपालिकाभित्र थप भएको सेवाहरुलाई जनतामैत्री बनाउन जनप्रतिनिधि, कर्मचारी, डाक्टर, नर्स, स्वास्थ्यकर्मी, लगायत सामाजिक ब्यक्तित्वले प्रचारप्रसार र एकअर्कालाई जानकारी गराएर प्रयोगशाला सेवा प्रभावकारी रुपमा संचालन गराउनमा सहयोग गर्न आग्रह गर्नुभएको थियो।

# सङ्कटमा दुर्लभ पक्षी चिरकालिज

**रासस**
**पर्वत ११ चैत**

दुर्लभ मानिने चिरकालिज पछिल्ला केही वर्षयता उचित वातावरणको अभावका कारण लोप हुने अवस्थामा छ । केही वर्षअघिसम्म यहाँका उच्च पहाडी भेगमा प्रशस्तै सङ्ख्यामा पाइने चिरकालिज पछिल्लो समय मुस्किलले देख्न पाइन्छ । अवैधरूपमा चोरी शिकारी, वनजङ्गलमा आगलागी, बासस्थानको ह्रास र जनचेतना अभावका कारण यो पक्षी लोपोन्मुख अवस्थामा पुगेको हो।

बिहान सूर्योदय हुनुभन्दा अगाडि र साँझमा सूर्यास्त भएपछि दिनको दुईपटक मात्र चिरचिर गरेर कराउने भएकाले यसलाई चिरकालिज भनिएको हो । चिरकालिजको अवस्था, बासस्थान, सङ्ख्या र लोप हुनाको कारणबारे अनुसन्धान भने हुन सकिरहेको छैन । 'क्याट्रस वालिचि' वैज्ञानिक नाम रहेको यस पक्षीलाई अङ्ग्रेजीमा चिरफेजेन अर्थात् नेपालीमा चिरकालिज र सुदूरपश्चिमा चेडु चराको नामले चिनिने गरिएको पाइन्छ। यो पक्षी नेपाल वन्यजन्तु संरक्षण ऐनमा संरक्षित पक्षीको सूचीमा सूचीकृत छ। नेपालमा यो पक्षी समुद्री सतहबाट एक हजार ४०० मिटरदेखि तीन हजार ६०० मिटरसम्मको भू-भागमा पाइने लामो समयदेखि पर्वतमा वनजङ्गलको क्षेत्रमा काम गर्दै तत्कालीन डिभिजन वन अधिकृत हरिशचन्द्र सापकोटाले बताउनुभयो।

नेपालका विभिन्न जिल्लामा दुईदेखि तीन हजारको हाराहारीमा रहेको यो पक्षी पर्वतका उच्च पहाडी क्षेत्रमा देखिन्छ। उत्तरी पर्वतको शालिजा, लेखफाँट, हम्पालको लेकलगायत पञ्चासेको लेक, डहरेदेउराली, गोर्ल्याङ र चिसापानीलगायतका जङ्गलमा पाइने उहाँले बताउनुभयो। सामान्य कालिजजस्तै यो तल्लो तटीय क्षेत्रमा पाइँदैन । उहाँले भन्नुभयो, "यो चरा झट्ट हेर्दा कालिजको पोथीजस्तै देखिए पनि कालिज र चिरकालिजमा धेरै भिन्नता रहेको पाइन्छ ।" यो कालिजको भालेको पुच्छर लामो, आँखाको रङ पनि रातो हुने, शरीरमा सेतो थोप्लामा कालो बुट्टा हुन्छ भने आकारमा पोथी भालेभन्दा सानो र पुच्छर पनि छोटो हुन्छ । यसले विशेषगरी चैतदेखि जेठसम्म मात्रै फुल पार्ने र बच्चा कोरल्ने गरेको अनुसन्धानकर्ताहरूको भनाइ छ। यो पक्षी मुख्यगरी मध्यपहाडको माथिल्लो भेगका जङ्गल नभएको खुला भिर, खरबारी र अलिअलि झाडी भएको ठाउँमा पाइने गर्छ । ठूला-ठूला जङ्गलको पुछारमा हुने खर्कहरूमा यसलाई देख्न सकिने पर्वतको राम्जादेउरालीका रमेश शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "१०-१२ वर्ष अघिसम्म हामी जङ्गल जाने क्रममा सडक छेउछाउँमा भेटिन्थ्यो, तर आजकल देखिँदैने, अरु कालिजभन्दा यो लोपोन्मुख भएर होला।"

भिरमा नै बासस्थान बनाउने यो पक्षीले एक पटकमा सात देखि १५ वटासम्म फुल पार्ने गरेको अनुसन्धानकर्ताहरू बताउँछन् । चिरकालिज नेपालमा मुख्यगरी अन्नपूर्ण संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्जका साथै संरक्षित क्षेत्रभन्दा बाहिर पर्वत सँगै म्याग्दी र बागलुङ तथा कर्णाली तथा सुदूरपश्चिम क्षेत्रमा पाइने अनुसन्धानबाट देखिन्छ। पर्वतमा यो कालीगण्डकी नदि, मोदीखोला र पातीखोलाको किनारमा पनि पाइएको वन अधिकृत सापकोटाले बताउनुभयो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले २०२९ मै यसलाई लोपोन्मुख प्रजातिका रूपमा सूचीकृत भए पनि यस क्षेत्रमा यसको थप अनुसन्धान र खोज हुन नसकेको वन डिभिजन कार्यालयका सहायक प्रमुख केशव पुडासैनीले बताउनुभयो । उहाँले भन्नुभयो, "यस्ता खोज तथा अनुसन्धानको काम राष्ट्रियस्तरबाटै सञ्चालन हुन जरुरी देखिन्छ।"

समुदायबीच सचेतना कार्यक्रम, चोरी शिकारी नियन्त्रण, बासस्थानको संरक्षण तथा वासस्थानबीचको बाटो निर्माणका साथै थप अनुसन्धान गर्ने हो भने यो पक्षीको संरक्षण गर्न सहज हुने पुडासैनीले बताउनुभयो । उहाँले पर्यापर्यटनको विकास जैविक विविधताको संरक्षण र लोपोन्मुख आनुवांशिक जन्तुको संरक्षणका लागि पनि चिरकालिजको संरक्षण हुनुपर्नेमा जोड दिनुभयो।

# 'उपचार गरे निको हुन्छ क्षयरोग'

**रासस**
**बागलुङ ११ चैत**

बागलुङ बजारमै बस्ने अन्दाजी १६/१७ वर्षका एक युवा यहींको एक विद्यालयमा पढ्छन्। उनी क्षयरोगका बिरामी हुन्।

लक्षण देखिएपछि उनको परिवारले उपचारको खोजी गऱ्यो। नजिकैमा रहेको धौलागिरि अस्पतालमा क्षयरोगका बिरामीको लागि प्रत्यक्ष निगरानीमा निःशुल्क उपचार गर्ने व्यवस्था छ। तर, ती युवा नेपाल सरकारले उपलव्ध गराएको निःशुल्क उपचार र औषधि छोडेर निजी स्वास्थ्य संस्थाबाट सेवन गर्दै आएका छन् । हाल उनको उपचार पोखराको एउटा निजी अस्पतालमा भइरहेको छ । ६ महिना नियमित खाने औषधि उनले सरकारी स्वास्थ्य संस्थाभन्दा बाहिरबाट लिन्छन् र आफ्नै तरिकाले अस्पताल आउजाउ गर्छन्।

उनीजस्तै बजारका अरु पनि क्षयरोगको उपचारका लागि जिल्ला बाहिरका निजी अस्पतालमा पुग्ने गरेका छन् । क्षयरोगको सङ्क्रमणपछि जिल्ला बाहिर बिरामीले उपचार गर्दैछन् भन्ने तथ्याङ्क भने यहाँका सरकारी निकायसँग छैन । सदरमुकाममा रहेको सरकारी अस्पताल र गाउँ गाउँमा रहेका स्वास्थ्य संस्थामा उपचार सेवा हुँदाहुँदै बाहिरी जिल्लामा बिरामी उपचारका लागि पुग्नुको मुख्य कारण सामाजिक बहिस्करण, लान्छाना र दुर्व्यवहार हो।

"बिरामीमा लक्षण हुन्छ, क्षयरोग लागेको पत्ता पनि लाग्छ तर नियमित औषधिसेवन गर्दा, रोग लागेको थाहा लाग्दा समाजले गर्ने व्यवहारका कारण उनीहरु रोग गोप्य राख्छन्", बागलुङ नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनाल भन्नुहुन्छ, "कम उमेरका युवायुवती र सम्पन्न परिवारका वयस्क पनि उपचारका लागि अन्यत्र जाने गरेका छन्।"

क्षयरोगको सङ्क्रमणपछि निजी अस्पताल तथा स्वास्थ्य संस्थामा भए पनि उपचार गराउनेभन्दा रोगको पहिचान र उपचारमा सहभागी हुँदा सामाजिक लान्छना आउँछ कि भनेर तर्सिनेका कारण बागलुङमा क्षयरोग फैलिएको उहाँको अनुभव छ । उहाँले समाजलाई सचेत बनाउने र क्षयरोगका लक्षण देखिएकालाई उपचारमा ल्याउने वातवरण बनाउनुपर्ने बताउनुभयो। "गाउँभन्दा सहरमा रोग लुकाउने समस्या बढी छ, यो क्षयरोग नियन्त्रणमा चुनौती बनेको छ", स्वास्थ्य शाखाका उपप्रमुख डिल्ली आचार्यले भन्नुभयो, "एउटा सङ्क्रमितले दश जनालाई रोग सार्न सक्छ, हामी सचेत बनौँ, क्षयरोगीको सामाजिक दुर्व्यवहार होइन उपचार गरौँ।"

बागलुङ नगरपालिकाले क्षयरोग नियन्त्रणका लागि सदरमुकाममा धौलागिरि अस्पतालको सेवा क्षेत्रबाहेकका दश वटा वडामा नै क्षयरोग जाँच गर्ने गरेको छ। बागलुङमा ९७ क्षयरोगी पत्ता लागेका छन्। गत वर्ष १६६ र त्योभन्दा अघिल्लो वर्ष १४६ क्षयरोगी भएको पत्ता लागेको तथ्याङ्क छ । अहिले औषधि प्रयोग गरिरहेकामध्ये सबैभन्दा धैरै बडिगाड गाउँपालिकाका ४७ बिरामी छन् । बागलुङ नगरपालिकामा क्षयरोगका नौ बिरामी रहेको तथ्याङ्क छ । क्षयरोग भएकाले रोग लुकाउने गरेका कारण नियन्त्रणमा समस्या भइरहेको बागलुङका क्षयरोग कुष्ठरोग निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो। क्षयरोग भएका व्यक्तिले दुईहप्ता लगातार औषधि प्रयोग गरेपछि अरुलाई सर्दैन भने ६ महिना निरन्तर औषधि सेवन गरे रोग निको हुन्छ। यसै गरी विश्व क्षयरोग दिवसको अवसरमा तमानखोला गाउँपालिकामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। स्वास्थ्य कार्यालय बागलुङको आयोजना, धौलागिरि अस्पताल बागलुङ र तमानखोला गाउँपालिकाको समन्वयमा तमानखोलाको बोंगादोभानमा शिविर सञ्चालन गरिएको हो।

शिविरमा १५० जनाको खकार, पिसाब, मधुमेह तथा एचआइभी जाँच गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । शिविरमा तमानखोला गाउँपालिकाले रु ५० हजारभन्दा बढीको औषधि निःशुल्क वितरण गरेको स्वास्थ्य संयोजक तिलक छन्त्यालले जानकारी दिनुभयो।

# चुनावमा वामपन्थी पार्टीमा माओवादी पहिलो हुन्छ : मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ चैत**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले आगामी निर्वाचनमा माओवादी वामपन्थी शक्तिमा पहिलो पार्टी हुने बताउनुभएको छ । नेकपा (माओवादी केन्द्र) ढोरपाटन, निसी र तमानखोलाले शुक्रबार आयोजना गरेको राजनीतिक एवं वैचारिक प्रशिक्षणमा मन्त्री पौडेलले आगामी निर्वाचनमा वामपन्थी शक्तिमा माओवादी पहिलो हुने बताउनुभयो। उहाँले त्याग, तपस्या र जनताका लागि दुःख गरेको पार्टी माओवादी भएकाले प्रतिक्रियावादीले भ्रम फैलाइरहेको आरोप लगाउनुभयो । "माओवादी पार्टी अब चुनाव नजित्ने ठाउँमा पुगेको भन्ने प्रचार भइरहेको"मन्त्रीपौडेलले भन्नुभयो, "देशीविदेशी शक्तिले चौतर्फी हमला गरिरहेको छ ।" पार्टीको महाधिवेशन सम्पन्नपछि पार्टी पुनःनिर्माणको क्रममा रहेको भन्दै आगामी निर्वाचनमा पहिलो वामपन्थी शक्ति हुने बताउनुभयो। जनक्रान्तिको कार्यभार अझै बाँकी रहेको भन्दै सुशासन र समृद्धि हुँदै समाजवादको यात्रामा रहेको बताउनुभयो । संविधानको प्रस्तावनामा जनताको मैलिक हकअधिकारको कुरा लेख्ने पार्टी माओवादी भएको भन्दै अहिलेका स्थापित मुद्दाको मार्गचित्रमा माओवादी भएको उल्लेख गर्नुभयो।

"हामीले बलिदान, त्याग र तपस्या र आत्मबलिदान नगरेको भए अहिलेको परिवर्तन आउने थिएन", उहाँले भन्नुभयो, "माओवादीले प्राप्त गरेको उपलब्धि जीवन्त रहन्छन् । माओवादी पार्टीबाट सरकारको जिम्मा लिनुभएका साथीले धोका दिए ।" उहाँले भन्नुभयो, "वैचारिक बहस थियो तर सरकारमै सहभागी भएर जिम्मेवारी लिएर धोका दिएका कमरेड अहिले माओवादीलाई सराप्दै हिँडेका छन् ।" मन्त्री पौडेलले आगामी निर्वाचनमा हामी आफ्नै बलबुतामा चुनाव लड्नु प्रमुख भएको भन्दै जनताका काममा थप लाग्न आग्रह गर्नुभयो । हिजोको स्थितिमा माआवादी नभएको भन्दै पार्टी पहिलेभन्दा सुदृढीकरण भएको उहाँको दाबी छ । एमसिसीको बारेमा भ्रम सिर्जना भइरहेको बताउँदै कानुनअनुसार एमसिसी लागू हुने बताउनुभयो। "जनताले उठाएका १२ बुँदे प्रश्नलाई कानुन बनाएर पास गरेका छौँ", उहाँले भन्नुभयो, "कानुनको अङ्ग एमसिसी भएको छ । सहमति अनुसार नभए एक महिनाभित्र खारेज हुन्छ।"

## आवास तथा कृषि क्षेत्र बिस्तारका लागि जग्गा ब्यबस्थापन कार्य गर्न तयार गरिने संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७८/१२/१२)**

गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १६, मा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | श्री मोति बहादुर बानियाँ, पोखरा महानगरपालिका १६ कास्की |
| प्रस्तावको ब्यहोरा | आबास तथा कृषि क्षेत्र विस्तारका लागि जग्गा ब्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. | पोखरा महानगरपालिका, वडा नं. १६ कास्की |
| कुल जग्गाको क्षेत्रफल | १११९.६० वर्ग मि |
| कित्ता नं | २८ |
| उत्पादन क्षमता मे.ट (दैनिक) | ४८.६४४ घ.मि दैनिक ८ घण्टा ६ महिनासम्म |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको म.न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

**१) पोखरा महानगरपालिका कास्की, गण्डकी प्रदेश, नेपाल**
Email: nfo@pokharamun.gov.np
**फोन: ०६१-५२०६००**

**२) पोखरा महानगरपालिका वार्ड १६ को कार्यालय कास्की, गण्डकी प्रदेश, नेपाल**
**फोन नम्बर ०६१-४४०५२९**

**३) साइन इन ईन्भायरोमेन्ट एण्ड ईन्जिनियरिङ कन्सल्ट प्रा. लि. काठमाडौं, बानेश्वर-१०**
**फोन: ९८४६४०४११८**

## चापाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## चापाकोट, स्याङ्जा
## गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

(सूचना प्रकाशित मिति: २०७८/१२/१२)

**यस कार्यालयबाट मिति २०७८/११/१५ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई बोलपत्र मूल्याङ्कन समितिले गरेको निर्णय अनुसार स्वीकृतको लागि प्रकृया अगाडि बढाउनु पर्ने भएकाले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।**

| क्र. सं | कामको विवरण | प्याकेज नं. | वोलपत्र दाताको नाम र ठेगाना | बोलकबोल रकम | ला. ई. भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | Supply and Delivery of DR System for X-Ray Machine | 06/NCB/CM/2078/79 | Asian Global Trading Pvt. Ltd., Buddha Nagar, Kathmandu, Nepal | NRs. 2,175,250/- (With VAT) | 1.125 Percent Lower | |